**कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था**
**धनुषा । ०७७ वैशाख १८ गते**
प्रदेश २ सामाजिक विकास मन्त्रालयद्वारा वैशाख १८ गते आयोजित मिडिया ब्रिफिङ्गका क्रममा प्रदेशमा हालसम्म चार जना कोरोना सङ्क्रमित व्यक्ति उपचारपछि घर फर्किएका र आठ जना सङ्क्रमितको पर्साको बीरगञ्ज स्थित नारायणी अस्पतालमा उपचार भइरहेको मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जानकारी दिनु भयो ।
प्रदेश नं. २ मा वैशाख १८ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद २ हजार ३ सय १० जनाको स्वाब सङ्कलन गरिएकोमा १ हजार ४ सय ४५ जनाको रिपोर्ट आएको छ । जसमा १ हजार ४ सय ३३ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १२ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव घिमिरेले जानकारी दिनु भयो । ८ सय ६५ जनाको रिपोर्ट आउँन बाँकी रहेको छ ।
त्यसैगरी, वैशाख १८ गतेसम्म आरडीटी किटबाट परीक्षण ५ हजार ९१ जनाको गरिएकोमा ५ हजार ८१ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १० जनाको रिपोर्ट पोजेटिभ आएको छ ।
प्रदेशमा क्वारेन्टाइन सङ्ख्या १ सय ७५ रहेकोमा ३ हजार ९ सय ६७ क्वारेन्टाइन बेड रहेको छ । वैशाख १८ गतेसम्म १ हजार ३ सय ७२ जना क्वारेन्टाइनमा रहेका छन् भने ४ हजार ५ सय ८७ जना होमक्वारेन्टाइनमा रहेका छन् । कोरोना आशङ्का गरिएका २५ जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् । प्रदेशमा आइसोलेशन बेड सङ्ख्या २ सय ७१ रहेको छ।
यस प्रदेशमा होम क्वारेन्टाइनमा रहनु हुनेको सङ्ख्या बढीरहेको अवस्था छ । क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको पीसीआर परीक्षण गरेर उनीहरुलाई मापदण्ड अनुसार होम क्वारेन्टाइनमा पठाएको कारणले समेत होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या वृद्धि भएको सामाजिक विकास मन्त्रालयका सचिव घिमिरेले बताउनु भयो ।
प्रदेशमा पीसीआर र आरडीटी परीक्षण कार्यलाई तीब्रता दिइएको छ । वैशाख १८ गते मात्र प्रदेशमा ९२ जनाको स्वाव सङ्कलन गरिएको छ भने १ सय ७७ जनाको आरडीटी परीक्षण गरिएको छ ।
साथै, कोरोना भाइरस रोकथाम तथा न्यूनिकरणका लागि जिल्ला जिल्लामा भएको प्रयास तथा राहत वितरण सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिमार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था यसप्रकार छ ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार कोभिड-१९ को महामारीबाट मृत्यु भएमा उनीहरूको शव कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा नेपाली सेनाको मध्य पूर्वी पृतनाले वैशाख १८ गते राजविराजस्थित रङ्गशालामा मृत शरीर व्यवस्थापनको डेमोन्स्ट्रेसन(प्रर्दशनी)प्रस्तुत गरेको छ ।
त्यसैगरी, एस.ई.ई. परीक्षामा सहभागी हुने तथा कक्षा ९ बाट १० मा जाने विद्यार्थीहरूका लागि तिलाठी कोइलाडी गाउँपालिकाद्वारा राजविराजबाट सञ्चालित ९४.७ मेगाहर्ज सी.एफएममार्फत प्रत्येक दिन ११ बजेदेखि १ बजेसम्म 'पाठशाला अपना घरेमे' कार्यक्रम सञ्चालन गरेको छ । प्रत्येक दिन ३० मिनेटका दरले चार ओटा विषयको पठन-पाठन हुने गाउँपालिका अध्यक्ष सतिशकुमार सिंहले बताउनु भयो ।
प्रभावकारी रूपमा लकडाउन कार्यान्वयन गर्न/गराउन पीपीईसहित परिचालित प्रहरीले विना कारण घर बाहिर हिड्ने व्यक्तिहरूलाई *Men Catching device (Arrest and Rescue Equipment)* द्वारा नियन्त्रणमा लिई सडकमा उभ्याई जनचेतनामूलक जिङ्गल सुनाउनुका साथै लकडाउनमा पालना गर्नुपर्ने नियमको बारेमा सम्झाई-बुझाई अब आइन्दा लकडाउन उल्लङ्घन नगर्ने शर्तमा छाड्ने गरेको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार सुखिपुर नगरपालिकाले गरीब, दलित तथा विपन्न परिवारहरूको लागि राहत वितरण कार्य सुरू गरेको छ ।
सुखिपुर नगरपालिकाका नगर प्रमुख रामअवतार यादवले १ करोड बराबरको राहत कोष स्थापना गर्ने योजना अनुरूप वैशाख १६ गतेदेखि राहत वितरण कार्य सुरू गरेको बताउनु भयो । वैशाख १८ गते वडा नं. ७ मा ५ सय ८३ जनलाई राहत वितरण गरेको बताउनु भयो ।
वैशाख १६ र १७ गते वडा नं. ९ मा ३ सय जना, वडा नं. ४ मा ४ सय ९ जना, वडा नं. ६ मा ४ सय ५७ जनालाई ३० केजी चामल र दुई केजि नून वितरण गरेको यादवले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार गौशाला नगरपालिका-१२ कान्तिबजार स्थित स्वास्थ्य चौकीमा स्वास्थ्य सुरक्षा सामग्री अभाव भएको छ ।
स्वास्थ चौकीका इन्चार्ज रामश्रृष्ठ साहले कोरोनाको महामारीको बेला पनि बर्थिङ सेन्टरलाई नगरपालिकाले पीपीई, एन-९५ मास्क र सर्जिकल ग्लोब्स समेत उपलब्ध नगराएको साथै सामग्रीको अभावमा जोखिममा रहेर स्वास्थ्यकर्मीहरू काम गर्न बाध्य रहेको बताउनु भयो ।
उहाँले यस स्वास्थ्य चौकीमा सञ्चालित बर्थिङ सेन्टरमा प्रसुती सामग्रीको समेत अभाव रहेको कारण सेन्टर सञ्चालन गर्न समस्या भएको बताउनु भयो ।
बर्थिङ सेन्टरमा अक्सीजन, सक्सन मेसिन (*Electric Suction Machine*), बेबी वारमर, आइभी स्टायाण्ड, पेङ्गुइन सक्सन, पेरी लाइत, प्यान स्केल (*Baby waiting machine*), कपासको व्याण्डेज लगायतका सामग्री अभाव रहेको स्वास्थ चौकीका इन्चार्ज साहले बताउनु भयो ।
स्वास्थ चौकीमा केही औषधीहरूको पनि अभाव रहेको बताउँनु हुँदै इन्चार्ज साहले सामग्रीहरू नहुँदा बर्थिङ सेन्टर चलाउन अति नै समस्या भइरहेको बताउनु भयो ।
नगरपालिकाका स्वास्थ संयोजकले तीन पटक लिस्ट तयार गरेर लगे पनि अहिलेसम्म सामग्री उपलब्ध नगराएको साहले गुनासो गर्नु भयो ।
यस सन्दर्भमा नगरपालिका स्वास्थ्य शाखा संयोजक रामप्रगाश महतोसँग जानकारी लिँदा त्यस वडाका वडा अध्यक्ष लगायत स्वास्थकर्मीहरूसँग छलफल गरेर आएको र अब यो समस्याको समाधान छिटो गर्ने बताउनु भएको छ ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंह**का अनुसार क्षिरेश्वरनाथ नगरपालिकाले लकडाउन प्रभावितहरूलाई वैशाख १८ गतेदेखि दोश्रो चरणको राहत वितरण कार्य सुरू गरेको छ । वैशाख १८ गते नगरको वडा नम्बर १ देखि १० सम्मका वडामा राहत वितरण गर्ने कार्यको थालनी गर्दै वैशाख १८ गते वडा नम्बर ३, ६ र ७ का अति विपन्न परिवारहरूलाई राहत वितरण गरिएको छ ।
वडा नम्बर ३ को वडा कार्यालयमार्फत २ सय ५० घरपरिवारलाई र वडा नम्बर ६ सखुवा बजारको सखुवा माविको प्राङ्गनमा २ सय ६० घरपरिवारलाई राहत वितरण गरिएको वडा नं. ६ का वडा अध्यक्ष मानबाबु श्रेष्ठले जानकारी दिनु भयो । उहाँका अनुसार वडा नं. ६ मा ४ सय १० घरपरिवारलाई राहत वितरण गर्ने लक्ष्य रहेकोमा बाँकीलाई वैशाख १९ गते राहत वितरण गरिने बताउनु भयो ।
राहतमा १५ केजी चामल, एक केजी दाल, दुई केजी आलु, एक केजी प्याज, एक केजी नुन र आधा केजी खाने तेल प्रदान गरिएको मेयर योगेन्द्र पंजियारले बताउनु भयो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार बलरा नगरपालिकाले जातिवाद तथा पार्टीवादको आडमा हुने खाने जमिनदार, जागिरे तथा आफ्नो कार्यकर्ताहरूलाई वैशाख १७ गते राहत वितरण गरेको भन्दै कोरोना भाइरसबाट प्रभावित अति गरिब तथा विपन्न परिवारहरूले राहत बहिष्कार गरेका छन् ।
दैनिक ज्याला मजुदुरी गरी परिवारको जिवकोर्पाजन गर्ने तथा दलित समुदायका नागरिकहरूको बसोबास रहेको बलरा नगरपालिका-३ का स्थानीयवासीहरूले सम्पन्न परिवारहरूलाई नै स्थानीय तहले राहत वितरण गर्न लागेको कारण राहत बहिष्कार गरेको स्थानीय रामदेव माझीले बताउनु भयो ।
राहत वितरण सुची तयार पार्दा नै विवाद भएपछि वडा भरिका सबै परिवारहरूलाई राहत वितरण गर्न राहत सूची बनाउनु परेको वडा अध्यक्ष संजिव श्रीवास्तवले बताउनु भयो ।
पहिला वडा भरिका २ सय ६४ प्रभावित गरिब परिवारलाई राहत वितरण गर्न सूची बनाइएको थियो तर विवाद चर्किए पछि सबै परिवार गरी करिब ५ सय ५० घरधुरीहरूलाई राहत वितरण गर्नको लागी नाम राखिएको वडा अध्यक्ष श्रीवास्तवले बताउनु भएको छ ।
स्थानीय सरकारले राहत वितरणको लागि ३ लाख बजेट मात्र विनियोजन गरेकोले रकम अपुग भएपछि प्रति परिवार १० किलो चामल र दुई किलो नुनको दरले वितरण गर्नु परेको वडा अध्यक्ष श्रीवास्तवले बताउनु भयो ।
त्यसैगरी, बरहथवा नगरपालिका भित्र गणेश पुजा समिति बरहथवाको सहकार्यमा एक मनकारी व्यक्तिले राहत वितरण गरेको छन् । दैनिक ज्यालादारी गर्ने तथा अति विपन्न १ सय ५० प्रभावित घर परिवारहरूलाई बरहथवाका समाजसेवी तथा पूर्व गाविस सचिव जगरनाथ साहले राहत वितरण गर्नु भएको स्थानीय रामएकवाल साहले बताउनु भयो ।
बरहथवा नगरपलिकाका १ सय ५० प्रभावित घरपरिवारहरूलाई चामल १० किलो, आलु एक किलो, नुन एक पोका, सोयाबिन आधा किलो, खाने तेल आधा लिटर गरी जम्मा रकम १ लाख मुल्य बराबरको खद्यान्न वितरण गरेको सहारा विकास बैंक लिमिटेड बरहथवा शाखाका म्यानेजर सुशिल साहले बताउनु भयो ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार मौलापुर नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष बिरबल यादवको सक्रियतामा वैशाख १७ गते देखि युवा परिचालन गरिएको छ । ग्रामीण भेगमा लकडाउनको पुर्ण पालन गराउन मौलापुर नगरपालिका-३ मा १२ जना युवा परिचालन गरिएको हो ।
वैशाख १६ गते रौतहटका थप दुई जना युवामा कोरोना भाइरसको पुष्टि भएसँगै लकडाउनको पुर्णपालना गराउन मौलापुरमा युवा परिचालन गरिएको बताइएको छ । युवाहरूले प्रहरी, पत्रकार र स्वास्थ्यकर्मी बाहेक बाहिरका मानिस तथा अपरिचित मानिसलाई प्रवेसमा समेत रोक लगाउने युवा रामनिवास साहले बताउनु भयो ।
उता मौलापुर नगर क्षेत्र अन्तर्गत लकडाउन पुर्णपालना गराउन प्रहरीले पनि सकृयता देखाएका छन् । ईलाका प्रहरी कार्यालय मौलापुरका इन्स्पेक्टर राकेश यादवको सकृयतामा लकडाउनको अबधिमा भौतिक पुर्वाधार निर्माणको काम समेत रोकिएको छ । आगामी वैशाख २५ गतेसम्म लकडाउनको पालना गरेर कोरोना विरूद्धको लडाइमा सहयोग गर्न सबै जनतासँग इन्स्पेक्टर यादवले आग्रह समेत गर्नु भएको छ ।
त्यसैगरी, रौतहटको देवाही गोनाही स्थित करूनीया गाउँमा कोरोना भाइरसका थप सङ्क्रमण हुन नदिन वैशाख १७ गते गाउँभरी सेनिटाइज गरिएको छ । रौतहटमा थप दुई जनामा कोरोना भाइरसको

सङ्क्रमण पुष्टि भएपछि यस क्षेत्रका मानिस थप त्रसित भएका छन् । सो क्षेत्रमा वैशाख १७ गतेदेखि शिल गरे सँगै करूनीया गाउँभरी सेनिटाइज गरेको नगर प्रमुख धर्मेन्द्र पटेलले जानकारी दिनु भयो । लकडाउनको पुर्ण पालना गरी कोरोना भाइरस विरूद्धको लडाइमा सरकारलाई साथ दिन नगर प्रमुख पटेलले आफ्ना नगरबासीसँग अपिल समेत गर्नु भयो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बाराले जिल्ला प्रशासन कार्यलय मार्फत मन्त्रिपरिषद कार्यलय सिहदरवार, काठमाडौंमा वैशाख १७ गते ज्ञापन पत्र बुझाएको छ ।
कोरोना भाइरसबाट अकालमै ज्यान गुमाउनेहरू प्रति हार्दिक श्रद्धान्जली सहित लक्षण देखेकाहरूलाई सिघ्र स्वास्थ्य लाभको कामना गरेको पार्टी अध्यक्ष क्षेत्रबहादुर श्रेष्ठको विज्ञप्तीमा उल्लेख गर्नु भएकोछ । वैशाख ५ गते आएको हावाहुरीमा किसानले लगाएको केरा खेति, मकै, तरकारी, गहुँ बाली, दलहन र गरिबका झुपडिहरूमा क्षति पुगेकाले उचित क्षतिपुर्तिको माग गर्नु भएको छ । उहाँले छिमेकी देशको सीमानामा स्थानीय जनप्रतिनिधि सहित उच्च संयन्त्र बनाई सुरक्षा व्यवस्था कडा गर्न अनुरोध गर्नु भएको छ ।
सुरक्षाकर्मीलाई आवश्यक पीपीई, पञ्जा, मास्क उपलब्ध गराउन माग गर्नु हुँदै लकडाउनमा रोजगारी सृजना नभएकोले बैंकमा तिर्नु पर्ने ऋण मिनाहा गर्न ज्ञापन पत्र मार्फत माग गर्नु भएको छ । उद्योग चलाउन, पठनपाठनको विशेष प्याकेजको घोषण गर्न नेकपाले ज्ञापन पत्र बुझाएको हो ।
नेपालमा फैलिएको कोरोना भाइरस (कोभिड-१९ ) का बिरामीहरूको उपचारको लागि प्रदेश नं.२ सरकारले जिल्ला स्वास्थ्य कार्यालय बारा, कलैया अस्पतालमा कोरोना विशेष अस्पताल निर्माण गर्न गरेको निर्णयका कारण कलैया नगरबासी त्रसित बनेको नेपाली काङ्ग्रेसका सभापति जयचन्द्र चौरसीयाले बताउनु भएको छ । कलैया शहर भित्र रहेको अस्पताल तथा जन स्वास्थय कार्यालयमा कोरोना विशेष अस्पताल निर्माण गर्नुको साट्टो अन्य स्थानमा निर्माण गर्नु पर्ने माग चौरसीयाको रहेको छ ।
जिल्ला प्रशासन कार्यालयले वैशाख १७ गते जन स्वास्थ्य कार्यालयलाई खाली गर्न आदेश दिएको सुचना अधिकारी ओम खड्काले बताउनु भएको छ । नेपालमा फैलिएको कोरोना भाइरस कोभिड-१९ का बिरामीहरूको उपचारका लागि प्रदेश नं. २ कलैया अस्पतालमा कोरोना विशेष अस्पताल निर्माण गर्न गरेको निर्णय प्रति राष्ट्रिय युवा संघ नेपाल बाराको गम्भीर ध्यानाकर्षण भएको संयोजक पुरूषोत्तम साहले वैशाख १८ गते एक विज्ञप्ती जारी गर्दै बताउनु भएको हो । कलैया अस्तालमा कोरोना विशेष अस्पताल निर्माण नगर्नका साथै कलैया अस्पतालमा पीसीआर मेशिन यथाशिघ्र उपलब्ध गर्नका लागि प्रदेश नं. २ सरकारँसँग माग गर्नु भएको छ ।
कोरोना भाइरसको सङ्क्रमण रोकथाम गर्नका लागि बिश्रामपुर गाउँपालिकामा स्थापना गरिएको क्वारेन्टाइनबाट वैशाख १८ गते ३२ जनालाई घर फिर्ता पठाएको स्वास्थ्य शाखाका प्रमुख अलि अकबर हुसेनले बताउनु भएको छ । पीसीआर परीक्षण गर्दा सबै जनाको रिपोर्ट निगेटिभ आएकाले घर फिर्ता पठाएर नियमित सम्पर्कमा बस्ने सल्लाह दिएको हुसेनले बताउनु भयो ।
कोरोना भाइरसको सङ्क्रमण रोकथाम गर्नका लागि नेपाल सरकारले लागु गरेको लकडाउन पुर्ण रूपमा पालना गराउन सिम्रौनगढ बजारका स्थानीय अरबिन्द महतो नुनिया, मनोज सर्राफ, अजित महतो नुनिया, मनिर आलम, सन्जय गुप्ता, मुना महतो लगायतका युवाहरू लकडाउन पुर्ण रूपमा पालना गराउन सक्रिय भएको मनिर आलमले बताउनु भएको छ । बजारमा रहेका पसलहरू खुल्दा अनावश्यक भिडभाड हुने भएकाले लकडाउन पालना गराउन सक्रिय भएको आलमले बताउनु भयो ।

बजारमा बिहान ७ बजेदेखि १० बजेसम्म अत्यावस्यक सामग्रीहरू किनमेल गर्न लकडाउन केही खुकुलो बनाइए पछि भिड हुन थालेको र युवाहरू भिड हटाउन जुट्नु भएको हो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछानेका अनुसार** बीरगंज महानगरपालिका-३ छपकैयाका सफाइकर्मी र बीरगंज महानगरपालिका-१६ इनर्वाका दुई पुरुषमा कोरोना सङ्क्रमण पुष्टि भइसकेपछि १ सय ९५ जनाको थ्रोट स्वाब संकलन भइसकेको छ । जसमध्ये ९४ जनाको थ्रोट स्वाबको रिपोर्ट आइसकेको छ । उनीहरु मध्ये बाराका दुई र पर्साका एक जनामा वैशाख १७ गते कोरोना सङ्क्रमणको पुष्टि भइसकेको छ । बाँकीको रिपोर्ट नेगेटिभ आएको नारायणी अस्पतालले जनाएको छ ।
जिल्ला जनस्वास्थ्य कार्यालय पर्साले दिएको जानकारी अनुसार पीसीआर परीक्षण कार्यलाई प्राथमिकता दिइएको छ । वैशाख १४ गते ३३ जना, वैशाख १५ गते  ६१ जना, वैशाख १६ गते १७ जना र वैशखा १८ गते ८४ जनाको थ्रोट स्वाबको नमुना संकलन गरिएको जनस्वास्थ्य कार्यालयले जानकारी दियो । वैशाख १५ गते रौतहटबाट संकलन गरिएका थ्रोट स्वाबको नमुना पनि बीरगंजबाटै काठमाडौं पठाइएको छ । सङ्क्रमितको प्रत्यक्ष सम्पर्कमा आएका समेत १ सय १४ जनाको पीसीआर परीक्षणको रिपोर्ट आउन बाँकी छ ।
सङ्क्रमितको सम्पर्कमा आएका व्यक्तिको पीसीआर परीक्षणलाई नै प्राथमिकतामा राखेको जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य निरीक्षक जयमोद ठाकुरले जानकारी दिनु भयो ।
वैशाख १७ गतेसम्म जम्मा ५ सय ३७ जनाको थ्रोट स्वाब संकलन गरिएको छ । बीरगंज लगायत जिल्लाका विभिन्न स्थानमा रहेका क्वारेन्टाइनमा सात जना महिलासहित २ सय ४९ जना र ३ हजार ४ सय ५७ जना होम क्वारेन्टाइनमा छन् । ठाकुरराम बहुमखी क्याम्पसमा १ सय ३३ जना भारतीयलाई राखिएको छ ।
मध्य तराइको बारा, पर्सा र रौतहटमा कोरोना सङ्क्रमित भेटिने क्रमले निरन्तरता पाएपछि थ्रोट स्वाबको नमुना संकलनमा तीब्रता दिइएको छ । सङ्क्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको यसअघि आरडीटी गर्ने गरिएकोमा पछिल्ला दिनमा पीसीआर परीक्षणलाई प्राथमिकता दिइएको हो । आरडीटी परीक्षण खासै विश्वसनीय पनि नदेखिएको र किट समेत कम रहेको स्वास्थ्यकर्मीहरुले बताउनु भएको छ ।
**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**